मकवानपुरगढी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

मकवानपुर, बागमती प्रदेश, नेपाल

# कोरोना भाइरस रोकथाम कोषमा आवश्यक सहयोग सम्बन्धी सूचना

विश्वव्यापी रुपमा माहामारीको रुप लिदै गएको कोरोना भाइरस रोग (कोभिड-१९) को संक्रमणको जोखिम नियन्त्रणका लागि मकवानपुरगढी गाउँपालिकाले गाउँपालिका प्रवेश गर्ने ४ वटा नाकाहरुमा हेल्थ डेस्क व्यवस्थापन, प्रहरी व्यवस्थापन सहित आवतजावतमा कडाई साथै प्रवेश गर्ने आगन्तुकहरुको नामावली तयार गरिरहेको व्यहोरा विदितै छ। त्यसैगरी आवश्यक स्वास्थ्य सामाग्रि व्यवस्थापन, १० शैयाको क्वारेन्टाइन व्यवस्थापन, लकडाउनबाट प्रभावित हुने श्रमिक, मजदुरहरुको वडा कार्यालयहरुबाट प्राप्त लिस्टका आधारमा राहत सामाग्री चामल, नुन, तेल, बेसार, साबुन, दाल समेत वितरण प्रक्रिया अगाडि बढिसकेको व्यहोरा जानकारी गराउँछौ। कोरोना जोखिम नियन्त्रणका लागि गाउँपालिकाले प्रकोप व्यवस्थापन कोषमा रकम जम्मा गर्न सक्ने व्यवस्था गरेको छ। उक्त कोषमा प्रदेश सरकारबाट १० लाख रकम, गाउँपालिकाले ५ लाख रकम विनियोजन गरिसकेका छौ।

यो जोखिमको अवधिमा निरन्तर रुपमा खटिई सेवा पुऱ्याइरहनुहुने स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीहरुप्रति हार्दिक आभारी छौं ।

उल्लेखित कोषमा विभिन्न संघ संस्था तथा व्यक्तिहरुबाट सहयोग रकम समेत प्राप्त भइरहेको जानकारी गराउँछौ। साथै उक्त कोषमा रकम जम्मा गर्न इच्छुक संघ, संस्था तथा व्यक्तिहरुले तपसिल बमोजिमको खातामा रकम जम्मा गरी सहयोग पुऱ्याउनुहुन पुनः हार्दिक आव्हान गर्दछौं।

<u>तपसिल</u>

खाताको नाम : प्रकोप व्यवस्थापन कोष

खाता नं. : ०६५ ०००० १२४१

खाता रहेको बैंक : नेपाल बंगलादेश बैंक

पुनश्चः नेपाल सरकारले लागू गरेको लकडाउन अर्थात बन्दाबन्दिको अवधिमा घर मै बसी पूर्ण रुपमा लकडाउनको पालना गर्नु गराउनुहुन यस मकवानपुरगढी गाउँपालिका सम्पूर्णमा हार्दिक अपिल गर्दछ।

मकवानपुरगढी गाउँपालिका

मक्रान्चुली,मकवानपुर